फोन नं. ०७९-५२०१५०,
फोन/फ्याक्स नं: ५२०४५७

# रेसुङ्गा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तम्घास, गुल्मी
५ नं. प्रदेश, नेपाल

प.सं. ०७५/०७६
चलानी नं. Ref. No १०९४

मिति :२०७५/११/२६

श्री वडा कार्यालय सबै,
रेसुङ्गा नगरपालिकाको कार्यालय ।

विषय : लेटरव्याड तथा छाप प्रयोग गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ३९९ मिति २०७५/११/२३ मा प्राप्त पत्रानुसार व्यक्तिगत घटना दर्ता तथा पञ्जीकरण सम्वन्धी कार्य गर्न गराउनु हुन अनुरोध छ । साथै प्राप्त पत्र यसै साथ संलग्न राखिएको छ ।

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

website: www.resungamun.gov.np

email : resungamungulmi@gmail.com
info@resungamun.gov.np

नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाण्डौ

पत्र संख्या : २०७५/०७६
चलानीनम्बरः ३६६

फो.नं. :०१४२३३८७९
फ्याक्स : ०१४२५८२४०

मिति : २०७५/११/२३

**विषय : लेटरप्याड तथा छाप प्रयोग गर्ने सम्बन्धमा ।**

**श्री महानगरपालिका कार्यालय, सवै**
**श्री उपमहानगरपालिका कार्यालय, सवै**
**श्री नगरपालिका कार्यालय, सवै**
**श्री गाउँपालिका कार्यालय, सवै ।**

उपरोक्त विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत रहेको साविकको केन्द्रीय पंजीकरण विभाग र गृह मन्त्रालय मातहत रहेको राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रलाई संगठनात्मक एकीकरण गरी नेपाल सरकारको मिति २०७५/०६/२८ गतेको निर्णयानुसार गृह मन्त्रालय अन्तर्गत **राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभाग** गठन भएको व्यहोरा विदितै छ । यसै सन्दर्भमा मिति २०७५/०९/३० गते नेपाल राजपत्रमा नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ प्रकाशन भए अनुसार **"पंजीकरण"** सम्बन्धी कार्यसम्पादन गृह मन्त्रालय मातहत रहेकोले **"व्यक्तिगत घटना दर्ता तथा पंजीकरण"** सम्बन्धी कार्यसम्पादन र पत्राचार गर्दा लेटरप्याडमा मन्त्रालयको हकमा **"गृह मन्त्रालय"** र विभागको हकमा **"राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभाग"** को नाम प्रयोग गर्न गराउनु हुन तथा **"स्थानीय पन्जिकाधिकारीको कार्यालय"** को छाप प्रयोग गर्दा नेपाल सरकार (गृहमन्त्री स्तर) मिति २०७५/११/९ को निर्णयानुसार संलग्न नमूना अनुसारको छाप प्रयोग गर्न गराउनु हुन अनुरोध छ।

श्री पञ्जिकरण शाखा
वडा कार्यालयमा
परिपत्र गर्नु
११/२६

युवराज कटेल
(निर्देशक)

**निर्णय भएको छापको नमूना :**

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
**स्थानीय पञ्जिकाधिकारीको कार्यालय**
.....नं. वडा, ........ महा/उप/नगरपालिका/गाउँपालिका
.......जिल्ला, ........ प्रदेश

Government of Nepal
Ministry of Home Affairs
Department of National ID and Civil Registration
**Office of Local Registrar**
.... No. Ward, ..... Metropolitan/ Sub-Metropolitan/ Municipality/ Rural Municipality
............. District, ......... Province

निर्देशक

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग
सिंहदरबार, काठमाडौं